# स्थानीय राजपत्र

| अर्जुनचौपारी गाउँपालिका, अर्जुनचौपारीद्वारा प्रकाशित | | |
|---|---|---|
| खण्ड २ | संख्या १ | मिति ............ |
| भाग २<br>अर्जुनचौपारी गाउँपालिका<br>स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ (२) बमोजिम गाउँ कार्यपालिकाबाट जारी भएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ । | | |
| | | |

अर्जुनचौपारी गाउँपालिकाको विपन्न पहिचान कार्यविधी,२०

# अर्जुनचौपारी गाउँपालिकाको बिपन्नता पहिचान कार्यविधि, २०७९

स्वीकृत मिति २०७९/०३/०९

प्रस्तावनाः

नेपालको संविधानमा उल्लेख गरिएको मौलिक हकको प्रचलन गर्नु राज्यको दायित्व भएको, नेपालको संविधानद्धारा स्थानीयतहलाई प्राप्त व्यवस्थापकीय र कार्यपालिकीय अधिकार अन्तर्गत स्थानीय क्षेत्रका विपन्न तथा बेरोजगार नागरिकहरुको पहिचान गरी तिनीहरुको व्यवस्थापन गर्न बान्छनीय भएकोले नेपालको संविधानको धारा २२१ तथा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को अधिकार प्रयोग गरी यो कार्यविधि बनाई जारी गरिएको छ ।

परिच्छेद– १

प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम बिपन्नता पहिचान कार्यविधि, २०७९ रहनेछ।

२) यो कार्यविधि गाउँ कार्यपालिकाबाट पारित भई गाउँपालिका अध्यक्षले प्रमाणित गरी स्थानीय राजपत्रमा प्रकाशन भएको मितिबाट लागू हुनेछ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क. “बिपन्न” भन्नाले आफ्नो आर्थिक अवस्था कमजोर भएको, न्यूनतम क्यालोरी पूरा हुने गरी खान नपुग्ने, नियमित स्थायी आम्दानीको श्रोत नभएको, आफ्नो आम्दानीले पर्याप्त खान, लाउन, बस्न शिक्षा, स्वास्थ्य, उपचार गराउन नपुग्ने व्यक्ति वा परिवारलाई जनाउँछ।

ख. “अध्यक्ष” भन्नाले अर्जुनचौपारी गाउँपालिकाको अध्यक्ष भन्ने बुझाउछ।

ग. “बेरोजगार” भन्नाले एक आर्थिक वर्षमा न्यूनतम एक सय दिन रोजगारमा संलग्न नभएको वा कम्तीमा तोकिए बमोजिमको आय आर्जन हुने स्वरोजगारमा संलग्न नरहेको अठार वर्ष देखि उनान्साठी वर्ष उमेर समूहको नागरिक सम्झनुपर्छ।

घ. “गाउँपालिका” भन्नाले अर्जुनचौपारी गाउँपालकालाई सम्झनु पर्छ।

ङ. “कार्यपालिका” भन्नले अर्जुनचौपारी गाउँपालिकाको गाउँकार्यपालिकालाई सम्झनु पर्छ।

च. “गाउँसभा” भन्नाले अर्जुनचौपारी गाउँपालिकाको गाउँसभालाई सम्झनु पर्छ।

छ. “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले अर्जुनचौपारी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ।

अर्जुनचौपारी गाउँपालिकाको विपन्न पहिचान कार्यविधि, २०७९

## परिच्छेद– २

## बिपन्नता पहिचानको आधारहरु

३. (१) सामान्यतया विपन्नता पहिचानका आधारहरु देहाय बमोजिम हुनेछः

क) आफ्नो नियमित आम्दानीको श्रोत नभएको,

ख) आफ्नो आम्दानीले आँफू र आफ्नो परिवारमा सन्तुलित भोजन गर्न नपुग्ने,

ग) आफ्नो घर बास नभएको वा भएपनि सामान्य र पर्याप्त नभएको,

घ) कनै प्रकारको सीप र क्षमता नभएको,

ङ) शिक्षामा पहुँच नभएको, सामान्य लेखपढ भएको वा औपचारिक शिक्षा हासिल गरे पनि बेरोजगार भएको,

च) प्रकोप वा उपचारका कारणबाट सम्पत्ति सकिएको व्यक्ति वा परिवार भएको,

छ) विपन्न मान्न नसकिने अन्य उपयूक्त आधार नभएको,

४. बिपन्नताको बर्गीकरणः बिपन्नताको बर्गीकरण तपशिल बमोजिम हुनेछः

४.१) श्रेणी कः निम्न मध्यम बर्गीय विपन्न परिवार

क) मासिक आम्दानी १० देखि १५ हजार सम्म नियमित भएको र परिवार संख्या ३ देखि ५ जनाको परिवार भएको,

ख) आफ्नो घरधुरी नम्वरी वा ऐलानीमा भई सामान्य प्रकारको ढुङ्गा/ईटाको गाह्रो टिनको छानो भएको, घर सहित शौचालय भएको,

ग) ज्ञान सीप भएको तर रोजगार नभएको,

घ) खर्चिलो औषधी नियमित सेवन गर्नुपर्ने सदस्य भएको परिवार

४.२) श्रेणी खः निम्न बर्गीय विपन्न परिवार

क) परिवारको मासिक आम्दानी १२,०००।– बाह्र हजार सम्म भई १ देखि ५ जना परिवार भएको,

ख) पर्याप्त खान लाउन नपुग्ने परिवार,

ग) बालबच्चालाई शिक्षा दिन नसक्ने परिवार,

घ) आफ्नै घर भएपनि सामान्य अवस्थामा भएको परिवार,

ङ) आफुले उत्पादन गरेको अन्नले ६ महिनासम्म मात्र खान पुग्ने परिवार

४.३) श्रेणी गः विपन्न परिवार

क) परिवारको मासिक आम्दानी ८०००।– आठ हजार सम्म भएको,

ख) परिवारमा दुई छाक पेटभरी खान र न्यूनतम क्यालोरी पुरा गर्न नसक्ने परिवार,

अर्जुनचौपारी गाउँपालिकाको विपन्न पहिचान कार्यविधी, २०७९

ग)  हातमा सीप नभएको वा परिवारमा १ जनापनि १२ कक्षा उत्तीण नगरेको,

ङ)  आफुले उत्पादन गरेको अन्नले ३ महिना मात्र खान पुग्ने परिवार

४.४) श्रेणी घः अतिविपन्न परिवार

क)  नियमित मासिक आम्दानी नभएको आफ्नो वासस्थानको अवस्था कमजोर भएको परिवार,

ख)  दुई छाक खान पुग्ने अवस्था नभएको परिवार,

ग)  लेखपढ नभएको वा एक जनापनि माध्यमिक तहको शिक्षा प्राप्त गरेको सदस्य नभएको परिवार,

परिच्छेद– ३

विपन्न पहिचान कार्यविधि एवं समिति सम्वन्धी व्यवस्था

५. बिपन्न पहिचान कार्यविधिः (१) बिपन्न पहिचान गर्न अनुसूची १ अनुसारको ढाँचामा फारम भरिनेछ।

२) यसरी तोकिएको ढाँचाको फारम भरेको व्यक्ति, परिवारको अर्थात वस्तुगत विवरण एकीन गर्न देहाय बमोजिमको विपन्न पहिचान समिति गठन गरिनेछ ।

संयोजकः गाउँपालिका सभाबाट अध्यक्षले तोकेको व्यक्ति — १ जना

सदस्यः १ जना महिला सदस्य सहित गाउँ सभाबाट संयोजकको सिफारिसमा अध्यक्षले तोकेको व्यक्ति — २ जना

सदस्य सचिवःसामाजिक शाखा प्रमुख — १ जना

आमन्त्रित सदस्यः सम्वन्धित वडाको अध्यक्ष — १ जना

३) समितिको काम, कर्तव्य, अधिकार देहाय बमोजिम हुनेछः

क) बिपन्न परिवार पहिचान तथा छानबिन गर्ने,

ख) बिपन्न पहिचान अभिलेख व्यवस्थित गर्ने,

ग) बिपन्न पहिचानको साथै तिनको व्यवस्थापन र रोजगारको योजना बनाई गा.पा. मा सुझाब पेश गर्ने,

घ) अध्यक्ष मार्फत कामको प्रतिवेदन गा.पा.मा पेश गर्ने,

ङ) बिपन्न र बेरोजागरको श्रेणी निर्धारण गरी सदस्य सचिव मार्फत कार्यपालिकासमक्ष पेश गर्ने,

६. बिपन्न तथा वेरोजगार सर्भेक्षणः बिपन्न तथा वेरोजगार छनौटका लागि अनुसूची १ र २ मा उल्लेख भएको विवरण स्वंय व्यक्ति वा घरमुलीले आफै वा कर्मचारीको सहयोगमा भर्नु पर्नेछ ।

## परिच्छेद– ४

## छनौट र प्रमाणीकरण

७. विपन्न तथा वेरोजगार छनौट तथा प्रमाणीकरणः १) विपन्न पहिचान समितिले विपन्न परिवार पहिचान गरी सिफारिस गरेको सूचिलाई गाउँकार्यपालिकाले अनुमोदन गर्नेछ ।

२) विपन्न तथा वेरोजगारको प्रमाणीकरण प्रमुख प्रशासकीय अधिकृतले गर्नेछ ।

३) दफा ८.२ बमोजिम प्रमाणित भएको विपन्न तथा वेरोजगारको प्रमाणपत्र तोकिए बमोजिमको ढाँचामा रजिष्टरमा रेकर्ड राखी प्रशासकीय अधिकृतले प्रमाणपत्र तथा परिचय पत्रमा प्रमाणित गर्नुपर्नेछ ।

४) परिचय तथा प्रमाणको झुठो विवरण दिई लिएको ठहर भएमा प्रमाणपत्र दिने अधिकारीले त्यस्तो परिचय तथा प्रमाणपत्र रद्द गर्न सक्नेछ । यसरी रद्द गरिएको परिचय तथा प्रमाण पत्र कारण सहित अध्यक्षलाई जाहेर गर्नु पर्नेछ । त्यस्तो रद्द गरिएको परिचयपत्र स्थानीय राजपत्रमा प्रकाशन गरिनेछ ।

५) प्रमाणपत्र तथा परिचय पत्रको मान्यता अवधि २ बर्षको हुनेछ । प्रत्येक २ बर्षमा पून अध्यावधिक गर्नुपर्नेछ ।

६) विपन्न पहिचानको प्रमाण पत्र र परिचयपत्रको रङ्ग अनुसूची ३ मा उल्लेख भए अनुसार हुनेछ ।

## परिच्छेद– ५

## सेवा सुविधा

८. सामान्यता विपन्न र बेरोजगार प्रमाणपत्र प्रदान गरिएको व्यक्तिका परिवारलाई तपशिल बमोजिमको सेवा सुविधा प्रदान गरिनेछ ।

क. स्वरोजगार सम्वन्धि तालिम,

ख. विपन्न कार्डको सुविधा (दाल, चामल, तेल, पिठो, चिनी, गेडागुडी, नून, सावुन)

घ. स्वास्थ्य बिमामा तिर्नु पर्ने रकम श्रेणी अनुसार २५ प्रतिशत देखि निःशुल्क गराउने

ङ. रोजगारको पहल तथा सहजिकरण गर्ने,

च. कम्तीमा बर्षमा १० जनालाई घुम्ती कोषमा प्राविधिक तथा व्यवसायिक शिक्षा अध्ययन गराउने,

छ. व्यक्तिगत सीप र क्षमता विकास तालिम गराउने,

ज. गाउँपालिकाबाट लिईने सिफारिस र अन्य कुनै दस्तुरहरु निःशुल्क गर्ने,

झ. बैदेशिक रोजगारमा जान इच्छुक भए समुहगत रुपमा निःशुल्क तालिमको व्यवस्था गर्ने,

९. लागू हुने अवधिः सेवा सुविधाका सम्वन्धमा कार्यपालिकाले आवश्यक निर्णय गर्दै जानेछ ।

१०. बिपन्न व्यक्ति परिवारलाई गाउँपालिकाले परिचयपत्र उपलव्ध गराउने छ । परिचय पत्रको रङ्ग र किसिम अनुसूची ३ मा व्यवस्था भए अनुसार हुनेछ ।

अर्जुनचौपारी गाँउपालिकाको विपन्न पहिचान कार्यविधी,२०७९

अनुसूची १

परिच्छेद ७ को ४ सँग सम्बन्धीत

विपन्न सर्वेक्षण फाराम

घर मुलीको नामः

१. पारिवारिक विवरणः

| क्र.स. | नाम, थर | ठेगाना | जन्ममिति | नाता | पेशा | कै |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

२. आर्थिक अवस्थाः

| क्र.स. | घर | किसिम | कोठा | शौचालय | पिउने पानी | विद्युत | ईन्धनप्रयोग | कै |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |

३. जग्गा जमिनः क्षेत्रफलः

किसिमः नम्बरी/एलानी भिटा/खेतीयोग्यः

**४. मासिक आम्दानी ......................... आम्दानीको श्रोत :**

**क. मुख्य श्रोतः ख. सहायक अन्य : ग. नियमित/अनियमित**

**५. खर्चः मुख्य खर्च हुने**

**१. २. ३. ४.**

**६. आफूले उत्पादन गरेको अन्नले कति महिना खान पुग्छ :**

**७. तीन पुस्ते विवरण**

**नाम :**

**बसाई आएको भए मिति :**

**बाबुको नामः**

**हालको ठेगाना :**

**पूर्व ठेगाना :**

**के पेशा गर्नु हुन्थ्यो ।**

**हजुरवुवाको नाम :**

**हाल वा पूर्व ठेगाना :**

वडा अध्यक्षको राय एवं दस्तखत

अर्जुनचौपारी गाँउपालिकाको विपन्न पहिचान कार्यविधी,२०७९

परिच्छेद–७ (अनुसूची–२)

(परिच्छेद ४ को दफा ७ सँग सम्वन्धित)

# बेरोजगार पहिचान सर्वे फाराम

| नाम, थर : | | | |
|---|---|---|---|
| जन्मस्थान : | स्थाई ठेगाना : | | अस्थायी ठेगाना : |
| जन्ममितिः | | | शिक्षा : |
| आमाको नाम | | शिक्षा : | पेशा : |
| पिताको नाम, थर : | | | |
| बेरोजगार हुनुको कारण :<br>१. काम नै नखोजेर ?<br>२. नजिकमा काम नपाएर ?<br>३. काम गर्ने शिप नभएर ?<br>४. अनुभवको कमिले ?<br>५. काम छाडेर ?<br>६. प्रकोपको कारण ? बाढी, पहिरो, अन्य : | | | |

## सुधार गर्नुपर्ने कुरा

१. तास जुवा खेल्नु हुन्छ ?

२. मध्यपान गर्नु हुन्छ ?

३. लागूऔषध लिनुहुन्छ ?

४. तपाईलाई दृष्टिको समस्या छ ?

५. आन्तरिक रोगको समस्या छ ?

६. डिप्रेसन माईग्रेसन छ ?

७. मुटुरोग ? ८. क्याक्सर ?

९. मृगौला रोग ? १० कलेजो रोग ?

११. अन्य ?

अर्जुनचौपारी गाउँपालिकाको विपन्न पहिचान कार्यविधी, २०७९

अनुसूची ३

परिच्छेद ५ को ११ सँग सम्वन्धित

विपन्न परिचय पत्र

अति विपन्न संकट ग्रस्त परिवार

परिचय पत्रको रङ्ग रातो

## परिचय पत्र विवरण

नाम, थर :

ठेगाना :

शिक्षा :

परिवार संख्या :

विपन्नताको श्रेणी : (घ)

मान्य अवधि :

जारी मिति :

प्रमाणित गर्ने

दस्तखत

नाम, थर :

पद :

श्रेणी (ग)

विपन्न वर्ग

रातो र पहेलो मिश्रित

श्रेणी (ख)

निम्न बर्गिय विपन्न परिवार

रङ्ग पहेलो सेतो मिश्रित

सामान्य विपन्न वर्ग श्रेणी

रङ्ग हरियो सेतो मिश्रित

**आज्ञाले**

**उज्वल बहादुर बस्नेत**

**प्रमुख प्रशासकीय अधिकृत**

उर्जुचौधारी गाउँपालिकाको विपन्न पहिचान कार्यविधी,२०७९